हिटाकर्मीमाथि वडाध्यक्षले गरे दुर्व्यवहार

मन्जिता मैनाली/हिटा

हेटौंडा, १ जेठ

हेटौंडा उपमहानगरपालिका-१४ का वडा अध्यक्ष दीपक खड्काले समाचार संकलनका क्रममा रहनुभएकी हिमालय टाइम्सकर्मीमाथि दुर्व्यवहार गरेका छन् । हिटाको मकवानपुर प्रतिनिधी मन्जिता मैनाली र सौर्य दैनिकका संवाददाता छवि अनित्यमाथि वडाअध्यक्ष खड्काले दुर्व्यवहार गरेका हुन् ।

वडाका एक चेपाङ परिवारको जन्मदर्तामा परेको कठिनाई सम्बन्धी समाचार संकलनका क्रममा प्रतिक्रिया लिन मंगलबार वडा कार्यालय पुग्नुभएका सञ्चारकर्मीहरूलाई वडा अध्यक्ष खड्काले गाली गलौच गर्दै सञ्चार उपकरण नियन्त्रणमा लिने र धम्कीपूर्ण भाषा प्रयोग गरेका थिए ।

पत्रकारमाथि वडाका जनप्रतिनिधिले नै दुर्व्यवहार गरेको भन्दै सञ्चार सम्वद्ध संघसंस्थाले ध्यानाकर्षण जनाएका छन् । नेपाल पत्रकार महासंघ मकवानपुर र प्रेस युनियन मकवानपुरले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै वडाध्यक्ष खड्काको व्यवहारप्रति आपत्ति जनाएका हुन् । 'समाचार संकलनका

मन्जिता मैनाली

क्रममा प्रतिक्रिया लिन वडा कार्यालय पुगेका सञ्चारकर्मीहरूलाई वडाअध्यक्ष खड्काले अपशब्द प्रयोग गर्दै सञ्चार उपकरण नियन्त्रणमा लिने र धम्कीपूर्ण भाषा प्रयोग गरेकोप्रति महासंघ घोर भर्त्सना गर्दछ,' महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले निकालेको विज्ञप्तिमा भनिएको छ, 'प्रेस तथा वाक स्वतन्त्रताको रक्षाप्रति सचेत र कटिवद्ध हुन स्थानीय सरकार र जनप्रतिनिधिलाई यसै विज्ञप्तिमार्फत् ध्यानाकर्षणसमेत गराउँदछौं ।'

स्वतन्त्र प्रेसप्रतिको कुनै पनि किसिमको हस्तक्षेप पत्रकार महासंघलाई स्वीकार्य नभएको भन्दै घटनाप्रति आत्मालोचना गरी माफी माग्दै आगामी दिनमा यस्ता कार्य नगर्न वडाध्यक्ष खड्कालाई महासंघले चेतावनी दिएको छ ।

प्रकाशित समाचार सामाग्रीप्रति कुनै गुनासो या समस्या भए कानुनी उपचार खोज्ने प्रावधान हुँदाहुँदै पत्रकारमाथि दुर्व्यवहार तथा गाली गलौजमा उत्रनु निन्दनीय भएको नेपाल प्रेस युनियन मकवानपुरका सचिव बलराम पुडासैनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ । सञ्चारकर्मीलाई सहज वातावरणमा समाचार संकलनको वातावरण बनाउन महासंघ सम्बन्धित सबैमा युनियनले आग्रहसमेत गरेको छ ।

स्याङ्जा कांग्रेसका नेता खगेन्द्र रेग्मीको निधन

युवराज पौडेल/हिटा

स्याङ्जा, १ जेठ

स्वतन्त्र सेनानी तथा नेपाली कांग्रेस स्याङ्जाका नेता खगेन्द्र रेग्मीको निधन भएको छ । मंगलबार बिहान आफ्नै निवास भिरकोटमा उहाँको निधन भएको हो । उहाँको जन्म विसं २००५ सालमा स्याङ्जाको तत्कालीन खिलुङ गाविसको वडा नं. २ र हाल भिरकोट वडा नं. ७ मा भएको थियो ।

रेग्मी नेपाली कांग्रेस स्याङ्जाका पूर्वसभापति पनि हुनुहुन्थ्यो । उहाँ राष्ट्रियसभाका पूर्व सांसदसमेत हुनुहुन्थ्यो । लामो समयदेखि क्यान्सर रोगले थलिनुभएका रेग्मीले स्याङ्जाको राजनीतिक आन्दोलनमा विशिष्ट भूमिका खेल्नुभएको थियो ।

पञ्चायतविरोधी आन्दोलनमा उहाँले थुप्रै यातना र जेलनेल भोग्नुभएको थियो । सशस्त्र द्वन्द्वका क्रममा उहाँमाथि माओवादीहरूले गोली प्रहार गरी घाइते बनाएका थिए । उहाँको निधनबाट नेपाली कांग्रेसले एक अग्रज र अनुभवी नेतालाई गुमाएको विज्ञप्ति मार्फत जनाएको छ । नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले उहाँको निधनप्रति गहिरो दुःख व्यक्त गर्नु भएको छ । उहाँले भन्नुभएको छ, 'नेपाली

कांग्रेस स्याङ्जाका नेता, पूर्व जिल्ला सभापति एवं लोकतान्त्रिक आन्दोलनका अथक योद्धा खगेन्द्रराज रेग्मीको निधनको खबरले मलाई अत्यन्त स्तब्ध र दुःखीत बनाएको छ । नेपाली कांग्रेसको विभिन्न पदीय जिम्मेवारीमा रहेर स्वर्गीय रेग्मीले नेपाली कांग्रेसको संगठन विस्तार र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो । उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, दिवंगत आत्माको चीर शान्तिको कामना साथ शोक सन्तप्त परिवारजनमा पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्दछु ।'

उहाँको पार्थिव शरीरलाई मंगलबार स्याङ्जाको कांग्रेस पार्टी कार्यालयमा राखेर राम्दीघाटमा अन्तिम दाहसंस्कार गरिएको स्याङ्जा कांग्रेसले जनाएको छ । उहाँको 'मेरो जीवनयात्रा यातना पीडाको कथा' आत्मकथा प्रकाशित छ । राष्ट्रिय सभाका पूर्वसदस्यसमेत रहनुभएका रेग्मीको परिवारमा श्रीमती मात्रै हुनुहुन्छ । तेह्रथुम विद्यालयमा शिक्षक भएर पनि उहाँले राजनीतिक चेतना प्रदान गर्नुभएको थियो । उहाँको पार्थिव शरीरलाई मंगलबार दिउँसो स्याङ्जाको कांग्रेस पार्टी कार्यालयमा राखेर राम्दीघाटमा अन्तिम दाहसंस्कार गरिएको स्याङ्जा कांग्रेसले जनाएको छ ।

विपन्नको जीवनस्तर उकास्न बाख्रा वितरण

राधिका बुढाथोकी/हिटा

सिन्धुली, १ जेठ

कार्यालय समयमा सधैँजसो सेवाग्राहीको बाक्लै चहलपहल हुने कमलामाई नगरपालिका, सिन्धुलीको कार्यालयमा आइतबार बाख्राको भिड लाग्यो । हेर्दा बलिया र खँदिलो मासु भएका मात्रै थिएनन्, प्रायः सेतो र खैरो रङ मिसिएका बोयर क्रस जातका बाख्रा आकर्षक पनि थिए । हेटौँडाको सिमलथली एग्रो फार्मबाट गाडीमा पाँच घण्टाको यात्रा गरेर कमलामाईमा आइपुगेका बाख्रालाई नगरप्रमुख उपेन्द्रकुमार पोखरेल, उपप्रमुख मञ्जु देवकोटा, नगर पशु विकास शाखा प्रमुख रोशन कोइरालालगायतले स्वागत गर्नुभयो ।

कानमा पहँलो रङको मुद्रा (बिमा गरिएको संकेत नम्बर) लगायका बाख्रा गाडीभित्र कराउन थाले । नगरप्रमुख पोखरेल र उपप्रमुख देवकोटाले गाडीमा रहेका ८३ वटा बाख्रा झारेर कार्यालयपछाडि रहेको खुला जमिनमा चराउन थाल्नुभयो । सोही ठाउँमा कनपा-११ का वडाध्यक्ष रामबहादुर थिङ र कनपा-१२ का वडाध्यक्ष भिमबहादुर गुर्मछानेले आ-आफ्नो वडामा रहेका विपन्न तथा एकल महिलालाई लिएर आउनुभयो । नगरप्रमुख पोखरेल र उपप्रमुख देवकोटाले ४० जना लक्षित वर्गलाई चरिरहेका बाख्रा प्रदान गर्नुभयो ।

कनपा-१२ भ्याकुरेका देवीबहादुर आलेमगरले बिमा गरिएको संकेत नम्बर ४८४७ र ४८७० को बाख्रा पाउनुभयो । नगरबाट निःशुल्क बाख्रा पाउँदाको खुसी उहाँको अनुहारमा छरपष्ट भएको थियो । उहाँले भन्नुभयो, 'व्यावसायिकरूपमा बाख्रा पाल्ने रहर थियो, किन्ने क्षमता थिएन । आज सरकारले दुईवटा बाख्रा दियो, अब यसैलाई बढाउँदै धेरै बनाएर पाल्ने हो ।' अब बाख्रापालनका लागि खोर बनाउन सहयोग गरिदिए सहज हुने उहाँले बताउनुभयो ।

विपन्न तथा एकल महिलाको आर्थिक जीवनस्तर माथि उठाउन व्यावसायिक बाख्रापालनलाई प्रोत्साहन गर्ने नगरको प्राथमिक योजनामा छ । सोही योजनाअनुरूप चालु आर्थिक वर्षमा विपन्न लक्षित बाख्रा अनुदान कार्यक्रम सञ्चालन गरिएको हो । यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ६० लाख बजेट विनियोजन भएको थियो ।

विनियोजित बजेटले २०८ वटा बाख्रा खरिद गरेर कनपाका पाँच वडामा वितरण गर्ने कार्य सुरु भएको कनपा पशु विकास शाखाका प्रमुख डाक्टर रोशन कोइरालाले जानकारी दिनुभयो । 'कनपाको वडा नम्बर ११ र १२ का ४० जना विपन्न तथा एकल महिलालाई ८० वटा बाख्रा वितरण गरियो । वडा नम्बर १, ८ र १३ मा वितरण गर्ने प्रक्रिया अगाडि बढाइएको छ,' उहाँले भन्नुभयो ।

विद्युतीय प्रणाली बिजक (इलेक्ट्रोनिक बिलिङ) मार्फत् ५९ लाख ८० हजारमा २०८ वटा बाख्रा खरिद भएको उहाँले बताउनुभयो । त्यसमध्ये १२८ वटा बाख्रा वितरणको प्रक्रियामा छन् । यसको उद्देश्य किसानलाई व्यावसायिक बाख्रापालनमा प्रोत्साहन गरेर जिल्लालाई मासुमा आत्मनिर्भर बनाउने र विपन्न तथा एकल महिलालाई आर्थिक उपार्जनमा सबल बनाउने रहेको छ ।

कनपा पशु विकास शाखाका प्रमुख डाक्टर रोशन कोइरालाका अनुसार बोयर जातको बाख्राका पाठा-पाठी छिटो-छिटो बढ्ने र हुर्कने गर्दछन् । यसको तौल दैनिक दुई तीन सय ग्रामसम्म बढ्दै जान्छ । बोयर जातका बाख्रा पाल्न खासै गाह्रो छैन । अन्य पशुपालनभन्दा निकै सजिलो हुन्छ । गाउँघरमा अन्य बाख्रा जसरी पालिन्छ त्यसरी नै पाल्ने हो । स्थानीय घाँस, दाना खुवाएर पाल्न सकिन्छ । सरसफाइमा भने अलि ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

बाख्रा वितरणका लागि कमलामाई नगरपालिकाले मापदण्ड बनाएको छ । वितरण मापदण्डअनुसार वडा समितिले निर्णय गरेर गरेको सिफारिसअनुसार उन्नत जातका बाख्रा वितरण भएको छ ।

वितरण गरिएको बाख्राको बसाइ व्यवस्थापनका लागि खोर निर्माण र आहारा तथा पालनपोषणमा पनि सहयोग गर्ने लक्ष्य रहेको कनपा उपप्रमुख तथा नगर कृषि संयोजक मञ्जु देवकोटाले बताउनुभयो । उहाँले भन्नुभयो, 'कृषि तथा पशुपालनका लागि वडा-वडामा प्राविधिक खटाएका छौँ । नगरले आगामी दिनमा तपाईंलाई परेको आवश्यकताका आधारमा सहयोग गर्नेछ ।'

कनपा नगरप्रमुख उपेन्द्रकुमार पोखरेलले अनुदानमा दिइएको बाख्राले विपन्न तथा एकल महिलाको जीवनस्तर माथि उठाउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो । 'बाख्राको स्याहारसुसार, पालनपोषण गरेर बर्सेनि राम्रो आम्दानी गर्नुहुनेछ भन्ने विश्वास लिएको छु,' उहाँले भन्नुभयो ।

नगरको यस कार्यक्रमले लक्षित समुदायको जीविकोपार्जन र नगर विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने भन्दै स्थानीयस्तरमा प्रशंसामेत हुन थालेको छ ।

घरका सदस्यलाई बाँधेर डकैती गर्ने दुईजना पक्राउ

नेपालगञ्ज । बाँकेमा घरका सदस्यहरूलाई बाँधेर चोरी डकैती गर्ने दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत उत्तर प्रदेश बहराइच थाना खैरीघाट नमावङगला बस्ने ५५ वर्षीय मनेश्वर गोडिया र ५२ वर्षीय कुलेराज कुर्मी छन् । जानकी गाउँपालिका-४ जानकी नगरस्थित दुर्गाकुमारी दमाईको घरमा रहेको पसलबाट सामान चाहियो भनी अपरिचित सात/आठजना व्यक्तिहरूले गत चैत २६ गते राती ढोका खोल्न लगाई जबरजस्ती घरभित्र पसी बन्दुक तथा धारिलो हतियार देखाई घरमा रहेका तीनजनालाई बाँधेर सुनका गरगहना, मोबाइल, पसलमा रहेका सामान र नगदसमेत लुटपाट गरी फरार भएको प्रहरीले जनाएको छ । घटनापछि जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले विस्तृत अनुसन्धान गरी घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूमाथि जिल्ला अदालत बाँकेबाट तीन दिन म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य व्यक्तिहरूको समेत खोजी गरिरहेको प्रहरीले जनाएको छ ।

बलात्कार आरोपमा १९ वर्षीय युवक पक्राउ

झापा । झापामा बलात्कार आरोपमा १९ वर्षीय युवक पक्राउ परेका छन् । तेह्रथुम आठराई गाउँपालिका-१ का १९ वर्षीय सविन लाम्गादे पक्राउ परेका हुन् । उनलाई इलाका प्रहरी कार्यालय अनारमनिबाट खटिएको टोलीले सोमबार साँझ पक्राउ गरेको हो । लाम्गादेले १७ वर्षीया बालिकालाई कन्काई नगरपालिका-५ चप्रामारीमा आइतबार राती बलात्कार गरेको उजुरी छ । सोही उजुरीका आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस घटनामा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०१

बाजेको नाम थाहा नभएको, स्युलाल गुरुङको छोरा, उदवर गुरुङको श्रीमती गण्डकी प्रदेश कास्की जिल्ला मादी गाउँपालिका वडा नं. १ बस्ने कृष्ण कुमारी गुरुङले यस शाखामा पेन्सन खाता नं १८९१५२४०३०११५३ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/११/०१ मा निज खातावाला कृष्ण कुमारी गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने दल बहादुर गुरुङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कृष्ण कुमारी गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको पोखरा शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमामाग बमोजिम उपरोक्त खातामा रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
पोखरा शाखा, न्यूरोड
फोन नम्बर :-०६१-५५३८७५/५५३८७६/५२१९२५

ACCORD PHARMACEUTICALS LIMITED

A GMP Certified Company

ACCORD PHARMACEUTICALS LTD. "Enriching Life"

Contact No.: 9851336305 Email Id: info@accordnepal.com

सार्वजनिक जानकारीको लागि सूचना जारी गरिन्छ ।

यस एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड महालक्ष्मी-८, लुभू - (विष्णुडोल), ललितपुरबाट उत्पादित तपसिल बमोजिमका औषधिहरूको मूल्य सार्वजनिक गरिएको व्यहोरा सर्वसाधारणमा जानकारी गराइन्छ । प्रस्तुत मूल्य सूचीको मान्य अवधि आषाढ मसान्त २०८२ सम्म हुनेछ ।

Generic Name	Rate	Generic Name	Rate
Cetrizine Tablets IP 10 mg	4.00	Telmisartan Tablets IP 40 mg + Hydrochlorothaizide 12.50 mg	18.00
Metformin Hydrochloride Tablets IP 500 + Glimepiride Tablets IP 1 mg	14.25	Telmisartan Tablets IP 80 mg	20.00
Rivaroxaban Tablets IP 10 mg	70.00	Telmisartan Tablets IP 40 mg + Amlodipine Tablets IP 5 mg	16.00
Sacubitril Tablets & Valsartan Tablets 50 mg (24 mg + 26 mg)	30.00	Zinc Tablets IP 20 mg	5.50

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/०२/०२ गते)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१/०१/१७ गते हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश हुन आएका दरभाउपत्रहरु मध्ये देहायका दरभाउपत्र न्यूनतम् मूल्याँकित सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वोलपत्र मुल्याँकन समितिको मिति २०८१/०२/०१ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सवै दरभाउपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र. स.	ठेक्का नं.	कामको विवरण	स्वीकृतीको लागि छनौट भएको फर्मको नाम	कबोल अंक (मुल्य अभिवृद्धि कर समेत)
१	GRM/WORKS/SQ/04/2080/81	Construction of Gyanmarga School Retaining Wall	युक्का कन्स्ट्रक्सन प्रा.लि., पोखरा	१२,५५,६३०।०३

प्रमुख प्रशासकीय अधिकृत

Maharajganj Municipality

Office of Municipal Executive

Kapilvastu, Lumbini Province

INVITATION FOR BIDS

First Publication Date: 2024-05-15

1. Maharajganj Municipality invites electronic bids from eligible bidders under Sealed quotations for from Registered contractor for following works.

S.N.	Contract No.	Description of works	Bid validity period / Bid security validity	Bid Security Amount (NRs)	Bid Document Fee (Non Refundable	Deadline of bid submission	Date and time of bid opening	Estimated amount (Exclisive of VAT and Contingincies)
1.	7-MM/KPIL/RD/ Works/080/081	Aurahawa Balrampur Takdirpur Sadak Marmat	90/120days	170000.00	3000	14-06-2024 till 12:00 Hrs	14-06-2024 till 12:14 Hrs	6876677.15
Account No. for bid document purchase fee:			**Name of the Bank :** NIC Asia Bank Ltd.. **Name of the Office :** Maharajganj Municipality **Office Account no :** 1592050027909017					
Account No. for bid security deposit:			**Bank Name :** NIC Asia Bank Ltd.. **Bank Address :** Imiliya, Buddhabhumi Municipality, Kapilvastu **Office Name :** Maharajganj Municipality **Account Number :** 1592050524885012					

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Maharajganj Municipality, Maharajganj Municipality, Kapilvastu Lumbini Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder Should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, may also deposit the cost of bidding document in the Sanchit Kos (account) as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. If last date of purchasing and/or submission falls on a government holiday, then next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same prescribed for the original last date of bid submission. The bid validity and bid security shall be counted after date of bid opening.
5. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
6. Maharajganj Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. The place of bid purchase, bid submission and bid opening will be in Maharajganj Municipality, Office of the Maharajganj Municipal Executive.
8. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

Chief Administrative Officer